# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति :२०८१।११।१०

## प्रेस विज्ञप्ति

ताप्लेजुङस्थित पाथीभरा (मुक्कुम्लुङ) केबलकार परियोजना र नो केबलकार समुहबीच भैरहेको पछिल्लो घटनाक्रमको समाचार संप्रेषण सम्वन्धमा भइरहेको टीकाटिप्पणीप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

संविधानले सुनिश्चित गरेको प्रेस स्वतन्त्रताको निर्वाध उपभोग गर्न पाउने पत्रकारको अधिकारको सम्मान गर्नु हरेक पक्षको दायित्व हो । कुनै पनि पक्षबाट यो या त्यो बहानामा पत्रकारमाथि दुर्व्यवहार गर्ने र अनावश्यक दवाब दिनेजस्ता हर्कत हुनु स्वतन्त्रता र व्यावसायिक पत्रकारितामाथिको हस्तक्षेप हो । महासंघ यस्ता हर्कतप्रति खेद व्यक्त गर्दछ ।

यस किसिमका घटना दोहोरिन नदिनेतर्फ गम्भीर हुन, प्रेसको संवैधानिक अधिकारको सम्मान गर्न र पत्रकारलाई सहज रुपमा समाचार संकलन तथा संप्रेषणको वातावरण मिलाउन  महासंघ सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदछ ।

व्यावसायिक पत्रकारिताका लागि पत्रकार आचारसंहिता महत्वपूर्ण  आधार हो । यो घटनाका सन्दर्भमा पत्रकार आचारसंहिताको दायरामा रहेर पत्रकारिताको पेशागत मर्यादा कायम राख्दै तथ्यपरक, निष्पक्ष एवं मर्यादित भई समाचार एवं सूचना प्रवाहका लागि महासंघ सम्बन्धित सबै सञ्चारकर्मी र सञ्चारमाध्यमहरूलाई आग्रह गर्दछ ।

समाचार बनाउँदा विषयवस्तुलाई अतिरञ्जित नगरी पत्रकारिताको मूल्यमान्यता पालना गर्न आह्वान गरिन्छ । महासंघ सुरक्षाको ख्याल गर्दै आफ्नो पेशागत धर्म निर्वाह गर्न सम्पूर्ण सञ्चारकर्मीहरूलाई आग्रह पनि गर्दछ ।

साथै, महासंघ केबलकार परियोजना र नो केबलकार समुहबीच उत्पन्न विवादलाई वार्ता, छलफल र समझदारीका माध्यमबाट समाधान खोज्न सकिने प्रचलित अभ्यासको स्मरण गराउँदै यसतर्फ पहल गर्न सम्बद्ध पक्ष समक्ष आग्रह गर्दछ, र यसतर्फ प्रेरित गराउन सञ्चारकर्मीहरूलाई अपिल गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org